नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको

# समायोजन सम्बन्धी सूचना

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कर्मचारी समायोजन ऐन, २०७५ अनुसार सबै सेवा, समूह, उपसमूहका कर्मचारीहरुलाई संघ, प्रदेश र स्थानीय तहमा समायोजन सम्बन्धी काम सम्पन्न भई सबै सेवा, समूह, उपसमूह, र साबिकमा स्थानीय निकायमा रहेका कर्मचारीहरुको समायोजन उपरको गुनासो संकलन गर्ने कार्य भईरहेको छ । यस्तो गुनासो अनलाईनबाट पनि गर्न सकिने र सो को अन्तिम समय सीमा २०७६ साल वैशाख ५ गतेसम्म तोकिएको व्यहोरा सवैमा विदितै छ । त्यसगरी प्राप्त गुनासाहरु संकलन, अध्ययन र विश्लेषण गरी पर्याप्त कारण र आधार भएमा समायोजन संशोधन समेत हुन सक्ने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैलाई जानकारी गराइएको छ । तसर्थ समायोजनको अन्तिम सूची प्रकाशन भई कार्यरत निकायमा समायोजनको पत्र प्राप्त नभएसम्म जो, जुन स्वास्थ्य संस्था वा कार्यालयमा कार्यरत हुनुहुन्छ सोही कार्यालयमा रहेर सेवा प्रवाह गरीरहन हुन यो सूचना प्रकाशन गरिएको छ । साथै सम्बन्धित महाशाखा प्रमुख, प्रादेशिक निर्देशक, जिल्ला स्थित कार्यालय प्रमुख र अन्य कार्यालय प्रमुखज्यूहरुले पनि समायोजनको पत्र प्राप्त नहुँदा सम्म आफू मातहतका कर्मचारीहरुलाई आफूले खटाएकै कार्यालयबाट सेवा प्रवाह गराई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत आम नागरिकलाई पुऱ्याउने सेवा सुनिश्चित गर्न गराउन हुन यसै सूचनाद्वारा जानकारी गराईएको छ । समायोजनका सम्बन्धमा गरे, भएका थप जानकारीहरु आवश्यकता अनुसार मन्त्रालयको वेवसाईट मार्फत पुन: जानकारी गराउँदै जाने व्यहोरा समेत जानकारी गराइएको छ ।

२०७६।०१।०५

जनार्दन गुरागाईं
सह-सचिव